# राष्ट्रिय महिला आयोग

# National Women Commission

भद्रकालीप्लाजा, काठमाडौं

Phone: +977-1-4256701
Fax: +977-1-4259411
Email:info@nwc.gov.np
http://www.mwc.gov.np


प.सं. ०७८।७९
च.नं.

मिति - २०७८।०६।२०

## प्रेस विज्ञप्ति

सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं ०८ भुर्की बस्ने एक महिलालाई सामूहिक रुपमा बलात्कार गरेको भन्ने विभिन्न समाचार माध्यममा प्रकाशित समचारप्रति राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । मिति २०७८ साल असोज १५ गते राती इटहरी उपमहानगरपालिका वडा नं ०८ भुर्कीकी एक महिला माथि सामुहिक रुपमा बलात्कार गरी निज महिलाले लगाएका गरगहना समेत लुटिएको भन्ने यस आयोगलाई जानकारी प्रप्त हुन आएको छ । बलात्कार गरी गरगहना लुट्ने कार्यमा संलग्न रहेका ६ जना व्यक्तिहरुमध्ये ५ जना प्रहरी नियन्त्रणमा रहेकोमा प्रहरी नियन्त्रणमा नरहेकालाई खोजतलास गरी यथाशीघ्र पक्राउ गर्ने, संलग्न दोषीमाथि हदैसम्मको कानूनी कारवाही गर्न र घटनाको बारेमा गम्भीरताकासाथ छानविन गरी सत्यतथ्य पत्ता लगाई पीडितलाई न्याय दिलाउनको लागि प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रहरी कार्यालय प्रमुख सुनसरीलाई आयोगको तर्फबाट निर्देशन दिइएको छ । उक्त घटना महिला विरुद्धको जघन्य हिंसा भएकोले यस घटनाबारे तदारुकतासाथ छानविन गरी सत्यतथ्य पत्ता लगाई पीडितलाई न्याय र दोषीलाई यथाशीघ्र हदैसम्मको कानून बमोजिम कारवाही गर्नको लागि राष्ट्रिय महिला आयोग सम्बन्धित निकायलाई गम्भीर ध्यानाकार्षण गराउँद छ ।

२०७८।६।२०

(श्याम प्रसाद श्रेष्ठ)
उपसचिव एवं प्रवक्ता
राष्ट्रिय महिला आयोग